ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

# जुम्ला उपशाखालाई शाखामा स्तरोन्नती गरी
# शाखा संचालन सम्बन्धि
# प्रेस बिज्ञप्ति

यस एशियन लाईफ इन्स्योरेन्स कम्पनीले ग्राहक सेवालाई सरल तथा सहज बनाउने उद्देश्यले जुम्ला जिल्लाको जुम्लामा अवस्थित उपशाखालाई स्तरोन्नती गरी यस कम्पनीको २६ औं शाखाको रुपमा "जुम्ला शाखा कार्यालय" मिति २०७४/११/१५ गतेदेखि संचालनमा ल्याएको छ ।

यस कम्पनीले २६ वटा शाखा र ६९ वटा उपशाखाहरु गरी जम्मा ९५ वटा शाखा तथा उपशाखा मार्फत सेवाग्राहीहरुलाई बीमा सेवा प्रदान गर्दै आईरहेको छ । निकट भविष्यमा प्रभावकारी ग्राहक सेवाको लागि सम्भाब्यताको आधारमा थप शाखा तथा उपशाखा कार्यालयहरु खोल्दै लैजाने यस कम्पनीको लक्ष्य रहेको छ ।

कम्पनीले विभिन्न वर्गलाई लक्षित गरी एशियन सावधिक, अग्रिम भुक्तानी सावधिक, बाल भविष्य, बाल उमंग, सुखी जीवन, एशियन पेन्सन, जीवन रत्न, दम्पत्ती सुरक्षा, धन समृद्धि, सामुहिक सावधिक जीवन बीमा योजना, सरल सुरक्षा म्यादि जीवन बीमा योजना, जन कल्याण म्यादि जीवन बीमा योजना लगायत १७ वटा बीमा योजनाहरु प्रचलनमा ल्याएको छ । साथै ग्राहकवर्गको चाहनालाई ध्यानमा राख्दै भविष्यमा अन्य योजनाहरु समेत ल्याउने यस कम्पनीको योजना रहेको छ ।

यस कम्पनीको २०७४ पुष समान्तसम्म जीवन बीमाकोष ११ अर्ब ३२ करोड ४२ लाख, लगानी १० अर्ब ७९ करोड तथा चुक्ता पुँजी रु.८० करोड ५५ लाख रहेको छ । कम्पनीले यहि मिति २०७४/११/१३ गतेदेखि ५०% हकप्रद शेयर जारी गर्नुका साथै आ.व. ०७३/७४ को मुनाफाबाट विद्यमान चुक्ता पुँजीको १२% ले बोनस शेयर दिने प्रस्ताव गरिएको छ । उक्त प्रस्ताव श्री बीमा समितिबाट कम्पनीको आ.व. ७३/७४ को बित्तिय विवरणहरु स्वीकृत भई कम्पनीको आगामी साधारणसभाले पारित गरे पश्चात वितरण गरिनेछ । **बोनस र हकप्रद निश्काशन पश्चात कम्पनीको चुक्ता पुँजी रु.१ अर्ब ३० करोड ५० लाख रुपैया पुग्नेछ ।**

मिति : २०७४/११/१५

भवदीय,

(राजेश कुमार श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत

**एशियन लाईफ इन्स्योरेन्स कं.लि.**
पो.व.नं. २५९४३, एशियन लाईफ भवन, काठमाडौ, नेपाल, फोन : ४४३०२७०, ४४१०११५, फ्याक्स नं. : ४४४२१३
ईमेल : gs@asianlife.com.np, **Website : www.asianlife.com.np**